# धवलागिरी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय, मुना

## कर्मचारी आवश्यकता सम्वन्धी सूचना !

दोस्रो पटक प्रकाशित मिति: २०७५।१०।०३

धवलागिरी गाउँपालिका र गुड नेवर्स इन्टरनेशनल नेपालका वीच यस गाउँपालिकाका ७ वटै वडाहरु समेट्ने गरी सामुदायिक विकास परियोजना संचालन गर्नको लागि भएको समभ्फदारी वमोजिम पहिला कार्यक्रम संचालनमा नरहेका थप २ वटा वार्डहरु वडा नं ५ मल्कवाङ र वडा नं ७ ताकममा कार्यक्रमलाई सहयोग गर्नको लागि २ जना सहयोगी कर्मचारी आवश्यक परेकोले तपशिल वमोजिमको योग्यता पुगेका सम्बन्धित वडाका ईच्छुक उम्मेदवारहरू बाट यो सूचना प्रकाशित भएको मितिले ५ दिन भित्र (माघ ७ गते कार्यालय समय भित्र) आवेदन पेश गर्नुहुनको लागि यो सूचना प्रकाशित गरिएको छ।

### तपशिलः

**पद**: कार्यक्रम सहयोगी (करार सेवा)

**आवश्यक संख्या** - २ जना

**न्युनतम शैक्षिक योग्यता**: मान्यता प्राप्त शैक्षिक संस्थाबाट कक्षा १२ वा सो सरह उतिर्ण गरेको हुनुपर्ने

आवेदन दस्तुरः रु.३००।-

### आवश्यक कागजातहरूः

- निवेदन
- नेपाली नागरीकता प्रमाणपत्रको प्रतिलिपी
- शैक्षिक योग्यताका प्रमाणपत्रहरुको प्रतिलिपी
- तालिम तथा कार्य अनुभव प्रमाणपत्रहरुको प्रतिलिपी (भएमा)

परिक्षाको किसिमः लिखित र अन्तरवार्ता

### सम्पादन गर्नुपर्ने मुख्य मुख्य कार्यहरूः

- स्पोन्सर वालबालिकाहरुलाई परियोजनाले उपलब्ध गराउने शैक्षिक सामाग्रीहरु समयमा तोकिएको समयमा नै वितरण गर्ने,
- विद्यालयहरुको समन्वयमा सम्पुर्ण वालवालिकाको स्वास्थ्य जाँच गर्नको लागि आवश्यक समन्वय तथा सहजीकरण गर्ने,
- आफ्नो कार्यक्षेत्र भित्र भएका विद्यालयहरु सँग समन्वय गर्दै अतिरिक्त कृयाकलापहरु संचालन गर्नको लागि सहयोग गर्ने,
- विद्यालयहरुको शैक्षिक गुणस्तरको विकासका लागि विद्यालय सँग मिलेर आवश्यक योजना तर्जुमा गर्ने तथा सो को जानकारी परियोजनालाई गराउने,
- बिद्यालयमा उपलब्ध हुने शैक्षिक तथ्याङ्कहरुको आवश्यकता अनुसार संकलन गरी परियोजना तथा गाउँपालिका कार्यालयमा उपलब्ध गराउने ।
- सामुदायिक विकास समितिका बैठकहरु संचालन गर्ने, गराउने,
- स्पोन्सर वालवालिकाहरुको Home visiting, Annual child Letter -ACL_, Annual Progress Report -APR_तयार गर्नको लागि आवश्यक कार्य गर्ने,
- वालसंरक्षणका लागि परियोजनाले तोके अनुसारका कृयाकलापहरु गर्नको लागि सामाजिक परिचालन गर्ने,
- स्थानीय स्तरमा विभिन्न किसिमका दिवसहरु जस्तै वाल दिवस, शिक्षा दिवस, विद्यार्थी भर्ना अभियान लगायतका कार्यहरुमा विद्यालयमा रहेका वालक्लव तथा वाल संजालहरुलाई परिचालन गर्ने,
- परियोजना तथा गाउँपालिकाले आवश्यक ठानेका अन्य कार्यहरु गर्ने,

- **नोटः**

कम्प्युटरमा Ms word, excel, Power point राम्रो सँग चलाउन जान्ने सीप भएको, सम्बन्धित वडाका स्थानीय र समुदायमा कम्तीमा १ वर्षको अनुभव भएकोलाई प्राथमिकता दिईनेछ ।दलित, महिला, जनजाती र अल्पसंख्यक समुदायका व्यक्तिहरुलाई विशेष ग्राहयता दिईनेछ ।

### दरखास्त पेश गर्ने स्थानः

धवलागिरी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, मुना अथवा ईमेल dhawalagirigapa@gmail.com

मार्फत समेत बुझाउन सकिनेछ ।